# स्थानीय राजपत्र

## बेसीशहर नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ५, संख्या ७, माघ १३ गते, २०७९ साल**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग २

## बेसीशहर नगरपालिकाको नगर युवा परिषद् सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना :** युवाहरुको हक, हित र अधिकारको संरक्षण एवम् सम्वर्द्धन गरी समृद्ध बेसीशहर नगरपालिका निर्माणका लागि सक्षम नागरिकको रुपमा तयार गर्न तथा १६-४० बर्ष उमेर समूहका सबैखाले युवाहरुको सर्वाङ्गीण विकास, सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकतानुसार उनीहरुलाई संलग्न गराई नगर विकासको मूलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, “नगर युवा परिषद् सञ्चालन कार्यविधि-२०७९” को स्थापना र सञ्चालन गर्न संविधानको धारा २१८ र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२(२) ले दिएको अधिकारको प्रयोग गरी यो सञ्चालन कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस सञ्चालन कार्यविधिको नाम “नगर युवा परिषद् सञ्चालन कार्यविधि, २०७९” रहेको छ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले बेसीशहर नगरपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बेसीशहर नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "वडा समिति" भन्नाले बेसीशहर नगरपालिकाको वडा समिति सम्झनुपर्छ । कार्यविधि

(घ) "प्रमुख" भन्नाले बेसीशहर नगर कार्यपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले बेसीशहर नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) "वडा अध्यक्ष" भन्नाले बेसीशहर नगरपालिका वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेसीशहर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "सभा" भन्नाले बेसीशहर नगरसभालाई सम्झनुपर्छ ।

(झ) "परिषद्" भन्नाले बेसीशहर नगर युवा परिषद्लाई सम्झनुपर्छ।

(ञ) "युवा" भन्नाले १६-४० वर्षसम्मको उमेर भएको व्यक्तिलाई सम्झनुपर्छ ।

(ट) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्षलाई सम्झनुपर्छ ।

(ठ) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ड) "सदस्य सचिव" भन्नाले परिषद्को सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ढ) "सदस्य" भन्नाले परिषद्को सदस्यलाई सम्झनुपर्छ ।

(ण) "समिति" भन्नाले परिषद्को कार्यकारी समितिलाई सम्झनुपर्छ।

(त) "पदाधिकारी" भन्नाले समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई सम्झनुपर्छ ।

(थ) "सदस्य" भन्नाले परिषद्को समिति सदस्यलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## परिषद्को गठन तथा काम, कर्तव्य, अधिकार

**३.** बेसीशहर नगरपालिकाभित्र युवाहरुको हक, हित र अधिकारको संरक्षण एवम् सम्वर्द्धन गरी समृद्ध बेसीशहर नगरपालिका निर्माणका लागि प्रमुखको प्रस्तावमा यो कार्यविधिको परिच्छेद-२ को दफा ९ मा व्यवस्था भएको

योग्यता पुगेको क्रियाशील व्यक्तिहरुमध्येबाट नगर कार्यपालिकाले देहाय बमोजिमको परिषद् गठन गर्नेछ :

(क) नगर प्रमुख वा नगरप्रमुखले नियुक्त गरेको - अध्यक्ष

(ख) नगरकार्यपालिकाले मनोनयन गरेको युवा - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) युवा विकासको क्षेत्रमा योगदान गरेकामध्ये परिषद्ले मनोनित गरेको एक जना महिलासमेत दुई जना युवा - सदस्य

(ङ) वडा युवा क्लबहरुबाट परिषद्ले मनोनित गरेको एक जना महिलासमेत दुई जना - सदस्य

(च) विशेष समुदायबाट परिषद्ले मनोनित गरेको एक जना महिला समेत दुई जना - सदस्य

(छ) प्रमुख, सामाजिक विकास शाखा - पदेन सदस्य

(ज) प्रमुख स्वास्थ्य शाखा - पदेन सदस्य

(झ) प्रमुख, सामाजिक सुरक्षा शाखा - पदेन सदस्य

(ञ) प्रमुख, महिला तथा बालबालिका शाखा - पदेन सदस्य

(ट) प्रमुख तथा प्रतिनिधि शिक्षा तथा खेलकुद शाखा - सदस्य सचिव

४. दफा ३ बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

**५.** दफा ३ बमोजिम गठन भएको परिषद्को पदावधि गठन भएको मिति देखि चार (४) वर्ष हुनेछ ।

**६.** अध्यक्षले कुनै कारणबाट आफ्नो पदबाट राजीनामा दिन चाहेमा प्रमुख समक्ष र अन्य पदाधिकारीले तथा सदस्यले अध्यक्ष समक्ष राजीनामा पेश गर्नुपर्नेछ ।

**७**. पदावधिको विचमा राजीनामा दिई, मृत्यु भई, अशक्त भई, फौजदारी अभियोगमा सजाय पाइ, बसाइसरी बाहिर गएमा, पदीय दायित्व सन्तोषजनक ढङ्गले वहन नगरी पदबाट फिर्ता बोलाई वा अन्य कारणले

समितिको पद रिक्त भएमा बाँकी रहेका पदावधिको लागि मात्र नगर कार्यपालिकाले मनोनयन गर्नेछ ।

**८.** परिषद्मा नगरपालिकाले मनोनयन गरेका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोषजनक नभएको नगर कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी तथा सदस्यलाई आफ्नो पदबाट फिर्ता बोलाइ बाँकी पदावधिको लागि रिक्त पदमा मनोनयन गर्न सक्नेछ।

**९.** परिषद्मा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

(क) १६ वर्ष पूरा भई ३५ वर्ष ननाघेको नेपाली नागरिक,

(ख) परिषद्को कार्यवारे पर्याप्त जानकारी भई योगदान पुर्‍याउन सक्ने,

(ग) युवाहरुको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको,

(घ) नगरपालिकाको नागरिक/नगरपालिकाभित्र बसोबास गरी योगदान पुर्‍याइरहेको,

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति

(च) कुनैपनि राजनीतिक दल तथा भातृ संगठनको केन्द्रीय प्रतिनिधि भई काम नगरेको ब्यक्ति ,

(छ) मानसिक सन्तुलन नगुमाएको व्यक्ति,

(ज) बैङ्क तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति ।

**१०. परिषद्को काम, कर्तव्य र अधिकार :** यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा सम्बन्धि दीर्घकालीन नीति तर्जुमा गरी बेसीशहर नगरपालिका समक्ष सिफारिस गर्ने,

(ख) बेसीशहर नगरपालिकाबाट स्वीकृत नीति, कार्यक्रमको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई

स्वयम्‌सेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) परिषद्‌को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(च) युवा विकास, सशक्तिकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा बेसीशहर नगरपालिकालाई सुझाव दिने,

(छ) तोकिए बमोजिमको काम गर्ने, गराउने ।

**११. परिषद्‌को बैठक :** परिषद्‌को बैठक आवश्यकतानुसार बस्नेछ। परिषद्‌को बैठकको निर्णयलाई अध्यक्षद्वारा प्रमाणित गरी राखिनेछ । परिषद्‌को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ । परिषद्‌ले आवश्यक ठानेमा परिषद्‌को कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्‌को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-३

## कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

**१२.** परिषद्‌को कार्यकारी निकायको रुपमा देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछ :

(क) परिषद्‌को उपाध्यक्ष - अध्यक्ष

(ख) परिषद्‌का सदस्यहरुमध्येबाट कम्तीमा १ महिला रहने गरी -सदस्य परिषद्‌ले मनोनित गरेका २ जना

(ग) नगरपालिकाको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

**१३.** कार्यविधिको दफा १२ बमोजिमका सदस्यको पदावधी परिषद्‌को सदस्य कायम रहेसम्मको अवधीका लागि हुनेछ ।

**१४. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्‌को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ख) परिषद्सँग आवद्ध हुन चाहने संघ, संस्थालाई आवद्धता प्रदान गर्ने सम्बन्धी शर्त, विधि र प्रक्रिया निर्धारण गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ग) युवालाई समृद्धिको मूल प्रवाहमा परिचालित गर्न अभियानमूलक कार्य सञ्चालन गर्ने/गराउने,

(घ) परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्ति करण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने/गराउने,

(ङ) युवाका लागि स्वरोजगार प्रवर्द्धन तथा उद्यमशीलता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(च) युवालाई नगर विकासमा समाहित गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(छ) युवाको सर्वाङ्गीण विकासका लागि खोज, अध्ययन, अनुसन्धानमूलक कार्य गर्ने/गराउने,

(ज) युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(झ) युवालाई नगरपालिकाको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,

(ञ) युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमहरुको समन्वय गर्ने,

(ट) युवा सम्बन्धी संघ, संस्थाको क्षमता अभिवृद्धि गर्ने/गराउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**१५. कार्यकारी समितिको बैठक :** समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठकको अध्यक्षता उपाध्यक्षले गर्ने छ । समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ । समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-४
## कार्यकारी समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

**१६.** कार्यकारी समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) कार्यकारी समितिको अध्यक्ष भन्नाले उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(२) कार्यकारी समितिको नेतृत्व गर्ने,

(३) परिषद्/कार्यकारी समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भए निर्णायक मत दिने,

(४) सदस्य सचिवलाई बैठक वोलाउन आदेश दिने,

(५) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,

(६) बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(७) नगरपालिका तथा प्रमुखसँग सम्पर्क, समन्वय गर्ने,

(८) परिषद्को कोषको खाता सदस्य सचिवसँग सञ्चालन गर्ने,

(९) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने,

(१०) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,

(११) परिषद्को कामको अनुगमन तथा नियमन गर्ने/गराउने,

(१२) परिषदक्को कर्मचारी तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(१३) परिषद्ले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**(ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षलाई सहयोग गर्ने,

(२) परिषद्को कार्यहरुको अनुगमन गर्ने/गराउने,

(३) परिषद् तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने/गराउने,

(४) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने,

(५) परिषद्को तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्य गर्ने/गराउने,

(६) परिषद्को सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने, गराउने ।

(७) परिषद्को कोष सञ्चालन गर्ने ।

(८) परिषद्को नाममा रहेको बैङ्क खाता अध्यक्षसँग संयुक्त रुपमा सञ्चालन गर्ने ।

(९) कानून बमोजिम आर्थिक कारोबारको श्रेस्ता राख्ने, राख्न लगाउने ।

(१०) नगरपालिकाले तोकेको लेखा परीक्षकद्धारा लेखा परीक्षण गराउने र प्राप्त भएका बेरुजु फर्छ्यौट गर्ने ।

**(ग) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्ष तथा परिषद्/कार्यकारी समितिलाई सहयोग गर्ने।

(२) बैठकमा सहभागी हुने ।

(३) परिषद्/कार्यकारी समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## परिषद्सँगको आवद्धता र कार्यक्रम सञ्चालन

**१७. युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्ने :** (१) युवाको हक, हित र अधिकारको संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धी कुनै संघ, संस्था परिषद्मा आवद्ध हुन चाहेमा देहायको विवरण खुलाइ परिषद् समक्ष निवेदन दिनुपर्नेछ :

- संघ वा संस्थाको नाम
- संघ वा संस्थाको उद्देश्य
- संघ वा संस्थाको नवीकरण बहाल रहने अवधी,
- संघ वा संस्थाको कार्य समितिको पूर्ण विवरण ।

(२) दफा १७ को उपदफा (१) बमोजिम निवेदन दिँदा सम्बन्धित संघ वा संस्थाको विधान समेत संलग्न गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त निवदेन सहित कागजात जाँचबुझ गर्दा निवेदकको माग बमोजिम त्यस्तो संघ, संस्थालाई पारिषद्सँग आवद्धता प्रदान गर्न उपर्युक्त देखिएमा परिषद्ले तोके
बमोजिमको दस्तुर लिई सो संघ वा संस्थालाई परिषद्ले आवद्धता प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्मा आवद्धता पाएका संघ वा संस्थाले आफूले वर्षभरी गरेको कामको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र परिषद् समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद-६
## परिषद्को कोष

**१८. परिषद्को कोष :** (१) परिषद्को आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको स्रोत देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाको वार्षिक बजेटको रुपमा उपलब्ध हुने रकम,

(ख) कुनै व्यक्ति वा संघ, संस्थाबाट प्राप्त हुने दान, दातव्य, अनुदान रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्दा प्राप्त रकम,

(ङ) प्रकाशन बिक्रीबाट प्राप्त हुने रकम,

(च) प्रतियोगिता सञ्चालनबाट प्राप्त हुने रकम,

(छ) सेवा सञ्चालनबाट प्राप्त हुने रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) परिषद्को नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्ले तोकेको कुनै बैङ्कमा खाता खो ली जम्मा गरिनेछ ।

(५) परिषद्को बैङ्क खाताको सञ्चालन कार्यकारी समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट गरिनेछ ।

(६) परिषद्को आर्थिक वर्ष नगरपालिकाको आर्थिक वर्ष सरह हुनेछ।

(७) परिषद्को कोष सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१९. लेखापरीक्षण :** (१) परिषद्ले आफ्नो आय, व्यय नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ ।

(२) आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र नगरपालिकाले परिषद्ले तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराई नगरपालिकामा प्रतिवदेन पेश गर्नुपर्नेछ ।

३) नगरपालिकाले परिषद्को आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी, जिन्सी जुनसुकै बखत जाँच्न र जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद-७
## कार्यालय, कर्मचारी व्यवस्था, छाप तथा सेवा सुविधा

**२०.** परिषद्को बेग्लै कार्यालय रहनेछ ।

**२१.** परिषद्को कार्यालय नगरपालिकाले निर्धारण र उपलब्ध गराएको स्थान र भवनमा रहनेछ ।

**२२.** परिषद्लाई आवश्यक पर्ने कर्मचारी तथा युवा परिषदले हेर्ने गरी कार्यकारी समितिको कुनै पदाधिकारी तथा सदस्यको व्यवस्था नगरपालिकाले गर्नेछ र कर्मचारी तथा तोकिएको प्रतिनिधिको आर्थिक दायित्व समेत नगरपालिकाले वहन गर्नेछ।

**२३.** कर्मचारी र अन्य आवश्यकताबारे कार्यकारी समितिले नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।

**२४.** परिषद्को बेग्लै छाप, लेटर प्याड, साइन बोर्ड हुनेछ ।

**२५.** परिषद्को छाप परिषद्को समिति गठनपछि परिषद्को बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

**२६.** कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य, उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत नगर कार्यपालिकाको निर्णय बमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद-८
## विविध

**२७. संशोधन :** (१) नगर युवा परिषद् सञ्चालन कार्यविधि-२०७९ को संशोधन गर्न आवश्यक भएमा परिषद्‌ले तयार गरी प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त लागेमा प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र सञ्चालन निर्देशिका संशोधन भई कार्यान्वयन हुनेछ ।

(३) कुनै विषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसके सो विषयमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

**२८. सपथ :** परिषद्‌को पदेन बाहेक पदाधिकारी तथा सदस्यहरुले आ-आफ्नो पदभार सम्हाल्नु अघि अध्यक्षले प्रमुखबाट र सदस्यहरुले अध्यक्षबाट तोकिए बमोजिम सपथ लिनुपर्नेछ ।

**आज्ञाले,**
**इमनाथ कडेल**
**प्रमुख प्रशासकीय अधिकृत**